# आठौं अध्याय

# सारांश, निष्कर्ष तथा सुझाव

## ८.१ सारांश

नेपाल ठूलो मुलुक नभए पनि भौगोलिक विविधताले विशाल छ । यहाँको हावापानीमा विविधता छ । यसैअनुसार जीवजन्तु तथा वातावरणीय विविधता पनि रहेको छ । नदी तथा जलाधारमा क्षेत्रको रुपमा कोशी, गण्डकी र कर्णालीजस्ता ठूला नदीहरु रहेका छन् भने अन्य थुप्रै नदीनाला तथा तालतलैयाहरु रहेका छन् । मानवजातिको बसोबासमा पनि उत्तिकै विविधता रहेकाले यहाँ विभिन्न भाषा, धर्म, संस्कार, संस्कृति, परम्परागत प्रथा, मूल्यमान्यताहरु बोकेका अनेकन जाति-जनजातिहरुको मिश्रित समाज पाइन्छ । नेपालको जातीय संरचना हेर्दा यहाँ ब्राह्मण, क्षेत्री, नेवार, गुरुङ, मगर, तामाङ, शेर्पालगायत कामी, दमाई, सार्की, सुनार जस्ता व्यवसायिक समुदायहरु पनि रहेका छन् । वि.सं. २०५८ को राष्ट्रिय जनगणनाको तथ्याङ्कअनुसार नेपालमा १०३ जातिहरु बसोबास गर्छन् । यसमध्ये ९० भन्दा बढी जाति तथा जनजातिहरुको आफ्नै मातृभाषाहरु पनि रहेको तथ्याङ्कबाट देखिन्छ । यिनै जातीय समूहमा पर्ने एक जनजाति किरात पनि हो । यस समूहअन्तरगत राई, लिम्बू, सुनुवार, याक्खा रहेका छन् । तर, स्वामी प्रपन्नाचार्यको भनाइअनुसार नेवार, गुरुङ, थारुलगायतका धेरै जनजातिहरु पनि किरात हुन् ।

किरातहरुबारे इतिहासतर्फ फर्केर हेर्दा यिनीहरु नेपालको प्राचीन जातिको रुपमा देखिन आउँछ । यो जातिबारे विभिन्न प्राचीन ग्रन्थहरु वेद, पुराण, महाभारत, रामायण, स्मृति, कोटिल्यको अर्थशास्त्र आदिमा उल्लेख भएको छ । तथापि ऋग्वेदमा किरातबारे प्रस्ट उल्लेख पाइँदैन । तर पनि यस कालमा पनि किरातहरु भएको जानकारी पाइन्छ । किनभने, ऋग्वेदमा उल्लेख भएको 'शम्बर' लाई किरात अगुवा हुन् भनिन्छ । ऋग्वेदमा शम्बरबारे विभिन्न प्रसंगमा चर्चा पाइन्छ । यसैगरी स्वामी प्रपन्नाचार्यले पनि ऋग्वेदकालमा किरात भएको उल्लेख गर्दै ऋग्वैदिककालिन किरातऋषिहरु बन्धु, श्रुतबन्धु, विप्रबन्धुलगायतका नामहरु पनि उल्लेख गरेका छन् । यसबाट यो कालमा किरात थिए भन्ने बुझिन्छ । ऋग्वेदबाहेक अन्य वेद, पुराण, महाभारत, स्मृतिलगायतका गन्थहरुमा भने किरातबारे धेरै

चर्चा पाइन्छ । वैदिककाललाई करिव ६ हजार वर्षअगाडिको मानिन्छ । यसरी वैदिककालमा नै किरात जातिको उल्लेख हुनुले यिनीहरुको जातिगत पहिचान कम्तीमा पनि ६ हजार वर्षभन्दा पुरानो मान्न सकिन्छ । यसैगरी स्कन्द पुराण-हिमवत्खण्डअन्तरगत स्वस्थानी ब्रतकथामा किरातबारे निकै चर्चा पाइन्छ । जसमा शिव/महादेव र पार्वतीको क्रियाकलापसँग जोडेर चर्चा गरेको पाइन्छ । जसअनुसार हाल पशुपतिक्षेत्रको मृगस्थलीमा रहेको किरातेश्वर शिवलिङ्गसँग सम्बन्धित रहेको ब्रतकथामा शिवजीले पार्वतीलाई झुक्याउन किरात रुप धारण गरेर बसेको र पार्वतीले पनि आफ्नो पति किरातिनी रुप धरण गरेर बसेको थहा पाएर आफूले पनि किरातिनी रुप धारण गर्दा शिवजी आफैं झुक्किएको रमाइलो प्रसंग छ । कतिपय ग्रन्थकारहरले शिव/शंकर/भोलेबाबा/महादेव जे नामले पुकारे पनि उनी स्वयं किरात थिए भन्ने कतिपयको अभिमत छ । तर, शिव-पार्वती स्वयं किरात थिए भने उनीहरुले किन किरात रुप धारण गर्नु पर्दथ्यो र ? यसबाट उनीहरु आफैं किरात नभए किराती रुप धारण गरेको मात्र देखिँदा उनीहरु स्वयं किरात होइनन् तर त्यसबेला किरात भने थियो भन्ने देखिन्छ । त्यो समयमा किरातहरु भएकै कारणले शिव-पार्वतीले किरात रुप धारण गरे । किरातै थिएनन् भने कसरी रुप धारण गर्थे ? यसकारण शिव-पार्वती आफैं किरात थिएनन् र किरातहरु उनीहरुका समकालिन थिए भन्ने कुरा सहज रुपमा बुझ्न सकिन्छ ।

प्राचीनकालमा किरातहरुको बसोबास हिमालय पर्वत (नेपाल, कुमाउँ, गढवाल, जालन्धर र कश्मीर)देखि दक्षिण समुद्रसम्म, पूर्वको बर्मादेखि पश्चिम पाकिस्तानको तप्तकुण्डसम्म थियो । यसबाट यिनीहरुको उत्पत्तिस्थान एसियाको मध्यभागतिर भएको अनुमान गर्न सकिन्छ । नेपाल पनि हिमाली भेगमा पर्ने भएकाले आदिमकालदेखि नै किरातहरुको उत्पत्ति र बसोबास भएको देखिन्छ । कतिपयले किरातहरु बाहिरी मुलुकबाट आएका हुन् भने पनि यो भनाइ सही लाग्दैन ।

नेपालको प्राचीन राजनीतिक इतिहासलाई विचार गर्दा नेपाल उपत्यकामा गोपाल र महिषपालको राज्यकालमा पूर्वतर्फबाट आएका यलम्बर नामक किरातले यिनीहरुलाई परास्त गरी किरातहरुले राज्य स्थापना गरेर उनीहरुका ३२ पिँढीका राजाहरुले १९६३ वर्ष ८ महिना शासन गरेको कुरा गोपालराजवंशालीबाट बुझिन्छ । तर, यसबारे धेरै इतिहासकारहरुको एकै मत भने पाइँदैन । लामो समयसम्म यिनै किरातहरुले राज्यव्यवस्था

संचालन गरेका र पछिल्लो समयमा लिच्छवीहरुबाट पराजय भएपछि किरात शासकहरु पुनः नेपालको पूर्वतर्फ नै पलायन भै त्यसै स्थानहरुमा विभिन्न टुक्रे राज्य स्थापना गरी बसेको बुझिन्छ । उनीहरुको राज्य पृथ्वीनारायण शाहको राज्य एकीकरणसम्म कायम थियो र उनीहरुको राज्यक्षेत्रलाई तत्कालिन समयमा किरात क्षेत्र भनेर ओल्लो किरात, माझ किरात र पल्लो किरात भनेर चिनिने गर्दथे ।

किरात समुदायअन्तरगत पर्ने राई पनि एक जनजातीय समूह हो । गैरकिरातहरुले राई जनजातिलाई एउटै भाषा, धर्म तथा सांस्कृतिक मान्यताभित्रको देख्ने गरेको भए पनि वास्तविकता भने त्यस्तो होइन । वास्तवमा उनीहरुमा विविध भाषा, धर्म, संस्कार, संस्कृति, मूल्यमान्यता, प्रथा आदि छन् । आजसम्म पाइएको विवरणअनुसार राई समुदायभित्र २९ अलग-अलग भाषा, धर्म, संस्कार तथा प्रथागत मूल्यमान्यता बोकेका सामाजिक समूहहरु रहेका छन् । यसमध्ये साम्पाङ राई पनि एक हो । यस्ता विभिन्न जातिगत पहिचान रहेको राई समुदायबारे वैज्ञानिक अध्ययन-अनुसन्धान गर्न आवश्यक भए पनि अधिकांश जातिहरुको अध्ययन-अनुसन्धान भएको छैन ।

प्राचीनकाका यिनै किरातअन्तरगत 'राई' शब्द जातिको रुपमा कसरी स्थापित हुन गयो ? सुरुमा यो शब्द जातिको रुपमा नभएर राजा तथा शासकको पदीय नाम थियो । यसबारे पहिलो ऐतिहासिक लिखत पश्चिम नेपालको खस मल्ल राजाहरुले आफ्नो राजा पदको रुपमा प्रयोग गरेको कुरा उनीहरुले तत्कालिन समयमा जारी गरेका कनकपत्र, ताम्रापत्रहरुबाट देखिन्छ । पृथ्वी मल्लदेखि उनैका नाति अभय मल्लसम्मका कनकपत्र र ताम्रपत्रहरुको विवरणमा राजालाई 'राई' भनेर सम्बोधन गरेको पाइन्छ । यो 'राई' शब्दलाई पूर्वतर्फका किरातहरुले पनि तत्कालिन समयमा आ-आफ्नो क्षेत्रमा स्वतन्त्र राज्यव्यवस्था गरिरहेका बखत आफ्नो राजालाई 'राई' संज्ञाबाटै सम्बोधान गर्ने गर्थे । यसको ऐतिहासिक प्रमाण नपाइए पनि पृथ्वीनारायण शाहले आफ्नो राज्य एकीकरणको समयमा माझकिरात क्षेत्रका केही व्यक्तिहरुलाई चिट्ठी लेख्दा 'राई' शब्द उल्लेख गरेका छन् । तर, पछि 'राई'हरुको आफ्नो शासन समाप्त भएपछि राजाको रुपमा प्रयोग भै आएका 'राई' शब्दलाई आफ्नो जातिको रुपमा स्थापित गरेको हुन् ।

कतिपय लेखकहरुले 'राई' शब्द 'राय' शब्दबाट अपभ्रंश भै 'राई' हुन गएको हो भनी विचार व्यक्त गरेको पाइन्छ । तर, यस प्रकारको विचारहरुमा वास्तविकता पाइँदैन ।

किनभने, माथि उल्लेखित विवरणहरुअनुसार विजयनारायण राजाले मुरेहाङलाई सामन्त प्रथावमोजिम हक दिई युद्धमा सारा किरात फौजले उनलाई मद्दत दिने कवुल गराई उनलाई मंत्री तुल्याई 'राय' पद दिएका हुन् । यसैगरी अंगद राईलाई 'राय' पगरीको उपाधिसहित किपट दिएको थियो भन्ने अर्को प्रमाण रहेको छ । अर्को भनाइमा त्रिपुराको राजमालामा पनि 'राई' शब्द पाइन्छ, हस्तलिखित पुस्तकमा 'राई' शब्द भए पनि छापिएको ग्रन्थमा 'राय' शब्द पाइन्छ भन्ने पाइएकोले पनि 'राय' भन्दा 'राई' शब्द अगाडिको देखिन्छ । यस प्रकारको विवरणहरुको आधारबाट 'राय' शब्दबाट 'राई' शब्द बनेको बुझिँदैन । बरु यहाँ 'राई' राजा तथा प्रमुख शासक र उनैले आफ्ना विश्वासपात्र सहयोगीलाई उच्च पद अर्थात् मन्त्रीको रुपमा 'राय' पद दिने गरिएको थियो भन्ने बुझिन्छ । 'राई' राजाको पदवी र 'राय' मन्त्रीसरहको पदवी थियो ।

यस्तै कतिपयको विचारमा 'राई' शब्द पृथ्वीनारायण शाहले आफ्नो राज्य एकीकरणपछि माझकिरातका कतिपयलाई स्थानीय प्रशासन संचालन गर्न, मालपोत उठाउन र सानातिना स्थानीय मुद्धामामिला मिलाउन अधिकार स्वरुप दिएको पदवी हो । यो भनाइ वा विचार पनि केवल अध्ययन-अनुसन्धानबाट आएको नभएर अनुमानका आधारमा भनिएको देखिन्छ । किनभने, पृथ्वीनारायण शाहको जन्म वि.सं. १७७९ मा भएको हो अर्थात् आजभन्दा २८९ वर्षअगाडि भएको हो जबकि 'राई' शब्दको उल्लेख पश्चिम खस मल्ल राजाहरुको समयमा शाके सम्वत् १२५८ मा अर्थात् आजभन्दा ६७५ वर्षअगाडि नै राजाको अर्थबाट प्रयोग भइसकेको प्रमाणबाट देखिन्छ । पृथ्वीनारायण शाहभन्दा ३८६ वर्षअगाडि 'राई' शब्द स्थापित भइसकेको थियो छ । उता विक्रमजित हसरतको विवरणमा पनि 'राई' शब्द पृथ्वीनारायण शाहको वंशावलीमा ३७औं पुस्ता अगाडि आइसकेको देखिन्छ । जसको नाम 'औडम्बर राई' भएको उल्लेख छ । यी प्रमाणहरुको आधारबाट पनि यो 'राई' शब्द पृथ्वीनारायण शाहले दिएको हो भन्ने देखिँदैन । यसो भन्नु भूल मात्र होइन मूर्खता नै हो । पूर्व किरात क्षेत्रमा पनि राजालाई 'राई' नै भनिने कुरा पृथ्वीनारायण शाहको एकीकरणताकासम्म त्यस इलाकामा राजालाई 'राई' भनिने गरेबाट बुझिन्छ । यसरी राजाको पदवीबाटै सुरु भएको भए पनि आज आएर किरातमध्येको एक जनजातीय समूह बनिसकेको छ । समाजमा मानवजातिमा विभिन्न प्रकारको जात, उपजात तथा उनीहरुको जातीय परिचय ती व्यक्ति वा समुदायमा पदीय हैसियत, पेशा व्यवसाय, स्थान विशेष, आचरण तथा व्यवहार आदि कारणबाट स्थापित हुने विभिन्न घटनाक्रमबाट देखिन्छ । सानो

उदाहरणको रुपमा हेर्नुपर्दा मुगल वादशाहबाट उपाधिको रुपमा पाएको 'शाह', कुँवरबाट आफैंले 'राणा' घोषणा गरी जातिकै रुपमा स्थापित भएको, भण्डारकको रुपमा काम गर्नेहरु 'भण्डारी' भएको, मंत्रीसरहको पदबाट 'अमात्य' बनेको, रेगम गाउँबाट 'रेग्मी' बनेको जस्ता धेरै उदाहरणहरु पाइन्छ ।

किरात राई समुदायभित्र पर्ने एक जनजातिको रुपमा देखिएका साम्पाङ राईजातिको उत्पत्तिबारे ठोस लिखित प्रमाणहरु पाउन नसकिए पनि गाउँघरका बुढापाका, कुबीमी, तायमीहरुको भनाइअनुसार नेवला, थारुहँ, बजिहँ, हँचुरबेँसी, दिक्तेल हुँदै आफ्नो 'खुवालुङ-खोकलुङ' खोज्दै आउने क्रममा हालको वासपानी गाविस वडा नम्बर ९ खोक्मामा आजभन्दा ४२-४३ पुस्ता अगाडिका 'खिलुङ्मी लंगुङ्मी' नामक पहिलो पुर्खा नै साम्पाङ हुन् भनी विश्वास गरिँदै आएको छ । यिनैका सन्तान फैलने क्रममा बुढापाका तथा जानकार व्यक्तिहरुका भनाइअनुसार माथि उल्लेखित खोटाङ जिल्लाका वासपानी, खार्तम्छा, फेदी र पाथेका चार गाविसबाटै अन्यत्र फैलिएको मानिन्छ । तत्कालिन समयमा साम्पाङ राईहरुले उल्लिखित चार गाविस क्षेत्रमा स्वतन्त्र राज्य शासन गरिबसेको र पृथ्वीनारायण शाहको राज्य एकीकरणपछि उनीहरुको राज्य समाप्त भएको बुझिन्छ । यही स्थानबाट अन्यत्र फैले क्रममा यिनीहरु हाल विशेषगरी खोटाङ, भोजपुर, उदयपुर, इलाम, सुनसरी, झापा लगायत विभिन्न भागहरुमा छरिएका हुन् । विदेशी मुलुक भारतको सिक्किम, दार्जिलिङ, सिलाङ, मणिपुर, भूटान, बर्मा, बेलायतलगायतका देशहरुमा समेत बसोबास गर्दै छन् ।

अलग भाषा, धर्म, संस्कार, संस्कृति तथा परम्परागत मान्यता बोकेको यो जनजातिको आफ्नो भाषा बोल्नेको जनसंख्या वि.सं. २०५८ को राष्ट्रिय जनगणनाको तथ्याङ्कअनुसार १०,८१० उल्लेख भए पनि स्थानीय जानकार व्यक्तिहरुको भनाइ अनुसार यो संख्या ३० हजारभन्दा माथि भएको विश्वास गरेको पाइन्छ । हालसम्म साम्पाङहरुको ३६ वटा पाछा र ४ वटा साम्मे स्थापित भैसकेको पाइन्छ । यिनीहरुको सामाजिक जीवनपद्धतिका सम्पूर्ण परम्पराहरु मुन्धुममा आधारित रहेको छ । यिनीहरुको आदिमथलो मानिएको जिल्ला खोटाङ जिल्लाका वासपानी, खार्तम्छा, फेदी र पाथेका गाविसहरुलाई मानिएको पाइन्छ ।

नेपालको प्रमुख जलाधार क्षेत्र सप्तकोशी जलाधार क्षेत्रमा पर्ने यो क्षेत्रका प्रमुख नदीहरुमा रावाखोला, तापखोला र साप्सु रहेका छन् । निकै चिसो हावापानी रहेको यो क्षेत्र

पहाडी बनावट भएकाले यहाँ विशेष गरी मकै, आलु, गहुँ, कोदो, धान, फापरजस्ता खेतीपाती हुने गर्दछन् । विभिन्न प्रकारका वनस्पतिहरुमा गुराँस, चाँप, काफल, कटुस, पैयुँ, उतिस, सल्ला, चिलाउने, वर, पिपल लगायतका पाइन्छ भने जनावरहरुमा थार, घोरल, मृग, बाघ, चितुवा, भालु, स्याल, फ्याउरा, कस्तुरी लगायतका जनावरहरु पाइन्छन् । पंक्षीहरुमा डाँफे, मुनाल, कालिज, लुइँचे, मैना, तित्रा, ढुकुर, सुगा, मैना, रुपी, भंगेरा लगायतका पाइन्छन् । यो क्षेत्रमा साम्पाङ राईलगायत चाम्लिङ, नाछिरिङ, बान्तावा आदि छन् भने अन्य जातिहरुमा लिम्बू, तामाङ, मगर, ठकुरी, घर्ती, नेवार, बाहुन, क्षेत्री, शेर्पा, माझीलगायत कामी, दमाई, सार्कीजस्ता व्यवसायिक समूहहरु रहेका छन् । तर, यी सवै जातिहरुमा राई समुदायको अधिक बसोबास रहेको पाइन्छ ।

साम्पाङ राई जनजातिको धार्मिक मान्यताअनुसार संसारमा मानवलगायत यो सम्पूर्ण ब्राह्माण्डको उत्पत्ति उनै परम पुर्खा सुम्निमा र पारुहाङले गरेका हुन् भनी विश्वास गर्दछन् । यसअनुसार यो विश्वका सवै प्राणीहरुको पालनपोषण तथा हेरचाह गर्ने काम उनैले सुम्निमा र पारुहाङले गरिरहेका छन् भन्दछन् । यिनै सुम्निमा र पारुहाङका अतिरिक्त साम्पाङ राईहरु आफ्ना मृत पुर्खा, पितृहरुलाई पनि प्रमुख इष्टदेवको रुप मानी आफ्नै घरमा रहेको तीन चुल्होलाई वार्षिक र समयअनुसार पूजा गर्ने गर्दछन् । यसरी उत्पत्तिकालका पहिलो पुर्खा सुम्निमा र पारुहाङ भए पनि आफ्नो जातिगत मान्यताका विभिन्न प्रथा, परम्परा, संस्कार, संस्कृति, मूल्यमान्यताहरु स्थापना गरी आफूहरुलाई आधुनिकतातर्फ उन्मुख गराउने पुर्खा भने सुम्निमा र पारुहाङका पछिल्लो पुस्ता तँमा, खेमा र खचुलुप्पालाई मान्ने गरेको पाइन्छ । यिनीहरुले नै मानव निर्वाहका लागि खेतीपाती, विभिन्न शिपकला, संस्कारगत मान्यताका कुराहरुको सृजना गरेर आफ्ना सन्ततिलाई आधुनिकतातर्फ उन्मुख गराएका हुन् ।

शैक्षिक क्षेत्रको विकासतर्फ हेर्दा यो जनजातिमा करिब ६० प्रतिशत साक्षर रहेको अनुमान छ । तर, उच्च शिक्षा हासिल गर्नेको सङ्ख्या भने ज्यादै न्यून रहेको छ । यसैले उनीहरु समयसापेक्ष रुपमा अग्रसर हुन सकिरहेका छैनन् । आफ्नै प्रथा-परम्परागत मान्यतामा आधारित यो समाजमा बाखाको मासु खान वर्जित छ । यस्तै अन्य वर्जित कुराहरुमा बुधबार र शनिबार छुट्न नहुने, मंगलबार भेट्न नहुने, एकै दिनमा तीनतिर बास पर्नेगरी परिवारका सदस्यहरु छुट्न नहुने, हिँड्ने समयमा बाटोमा रित्तो भाँडाकुडा राख्न

नहुने, खानेकुरा उल्टो पस्कन वा दिन नहुने, कतै परदेश गएर नौ दिन, नौ महिना वा नौ वर्षमा घर फर्कन नहुने, श्रावण-कार्तिक-पौष-चैत्र महिनामा कुनै विवाह, छेवर/गुन्यूचोली जस्ता आदि शुभ कार्य गर्न नहुने पर्दछन् । यसैगरी उनीहरु घरबाट साना नानीहरुलाई अन्त लैजान परेमा तीन चुल्होको कालो मोसोको टीका लगाइदिने गर्दछन् भने ठूला व्यक्तिहरु पनि विशेष गरी गर्भवती महिलाहरु रातीको समयमा कतै बाहिर जान परे पनि चुल्होको कालो टीका लगाएर जाने मान्यता छ । यसो गर्नाले कुनै भूतप्रेतले दुःख दिँदैन भन्ने उनीहरुमा विश्वास रहेको छ । यसैगरी परिवारका जोकोही सदस्यहरु पनि बाहिरबाट आएपछि पहिले आगो वा चुल्हो छुने गर्दछन् । यसो गर्दा बाहिरबाट कुनै भूतप्रेतले पछ्याएर आएको भए त्यसले पीर गर्दैन भन्ने विश्वास रहेको छ ।

साम्पाङ राईहरु आफ्नो जातीय सम्पर्क तथा मातृभाषालाई साम्पाङ गुङ भन्दछन् र आफ्नै भाषाको प्रयोग गर्दछन् । तर, गैरसाम्पाङ जातिहरुसँग खस (नेपाली) भाषाकै प्रयोग गर्दछन् । पहिरनमा पुरुषहरु दौरा, सुरुवाल, टोपी, जुहारीकोट, पटुका बाँद्ने गर्दछन् भने महिलाहरुका गुन्यूचोली, पछ्यौरा, पटुकी बाँध्छन् । पहिला-पहिला यस्ता लुगा कपडाहरु आफ्नो आवश्यकताअनुसार आफैंले कपासखेती गरेर घरैमा उत्पादन गरेर प्रयोग गर्ने गर्दथे । तर, आजभोलि यो प्रचलनलाई स्वदेशी तथा विदेशी आधुनिक विभिन्न प्रकारका कपडाहरुले विस्तापित गर्दै लगेका छन् । गरगहनामा महिलाहरुले सुनका ढुङ्ग्री, बुलाकी, माडवाडी, चाँदीका हारी, रेजी, चुरा, कल्ली, औठीहरु लगाउने गर्दछन् भने पुरुषहरु सुन-चाँदीका औंठीहरु लगाउने गर्दछन् ।

प्राकृतिक धर्ममा विश्वास गर्ने मानिएको यो समाजमा उनीहरुको आफ्नै आस्था र विश्वास पाइन्छ । आफ्नो धर्मको प्रमुख प्रतीकको रुपमा तीन चुल्हो मानिए पनि भूमि, नागनगेनी, खोलानाला, डाँडा, भीरपहरा, आगो जस्ता प्राकृतिक वस्तुहरु सवैलाई आफ्नो धार्मिक आस्थाको प्रतीक मानेर पूजा गर्दछन् । उनीहरुमा मूर्ति पूजाको मान्यता र विश्वास पाइँदैन । यसैगरी अन्य इष्टदेवहरुमा मूलखाँबो, मूलढोका, पूर्वेदेव, सिकारीदेव, सन्सारी, भीमसेन, पञ्चौली, राँकुले आदिको समेत पूजा गर्दछन् । उनीहरुको धार्मिक तथा संस्कारगत कार्यहरु सम्पन्न गर्ने काउले कुवी (सेलाम्पा), नागरे कुवी (धिरिम्पा) र साखेवा कुवी (मुक्तिमी) गरी तीन प्रकारको कुवी (धामी)हरु हुन्छन् । चाडपर्वहरुमा साम्पाङहरु आफ्नो मुख्य चाडको रुपमा उभौली तथा उधौली मान्ने गर्दछन् । वैशाखे पूर्णिमाबाट सुरु

हुने उभौली चाडलाई खेतीपाती सुरुवातको समय मानेर साखेवा थानमा भूमि/धरती र नागनगेनीको पूजा गरी साकेला सिली नाचेर मनाउँछन् भने आफूहरुको प्रार्थनालाई सुनेर भूमि/धरती र नागनगेनीले खेतीपातीबाट उब्जनी गराइदिएको विश्वासमा मंसिरे पूर्णिमादेखि उधौली चाडको रुपमा मनाउँछन् । यस्ता चाडहरुमा कुवीले पुर्खाहरुको सम्झनामा तीन चुल्हो, भूमि र नागनगेनीको पूजा गर्ने गर्दछन् । साकेला सिली गरेर १०-१५ दिनसम्म रमाइलो गरी चाड सम्पन्न गर्दछन् । यो चाडमा साखेवा थान (पूजास्थल)मा विशेष पूजा हुने गर्दछ । जहाँ भूमि, नागनगेनी र सखेवालुङ (अण्डाकारको ढुङ्गा)को पूजा हुन्छ । पूजाका समयमा नागनगेनीलाई गाईको दूध चढाउनुपर्दछ भने सखेवालुङलाई एक जोडी कुखुराको भाले-पोथीको बली दिएर पूजा हुन्छ । यसअतिरिक्त अन्य श्रद्धालुहरुले आफ्नो भाकलअनुसार कुखुरा, परेवा, सुँगुरसमेतको बली दिने गर्दछन् । यो समयमा पूजा गरिने सखेवालुङलाई आगामी समयको भविष्यवाणी विचार गर्ने प्रमुख संकेतको रुपमा हेरिन्छ । जसलाई पूजाथानमा नै पहिलादेखि पूजा गरी त्यही जमिनमा गाडेर राख्ने र पूजाको समयमा मात्र खनेर निकाली पूजा गर्ने गरिन्छ । तर, यसको संख्या भने कुनै साल बढ्ने त कुनै साल घट्ने हुन्छ । यसरी यसको संख्या बढेमा आगामी दिन राम्रो हुने, खेतीपातीबाट राम्रो उत्पादन हुने र खानलाउन दुःख नहुने, रोगव्यधि नआउने जस्ता शुभ संकेतको रुपमा मानिन्छ भने संख्या घटेको खण्डमा विभिन्न दुःखकष्ट आइलाग्ने विश्वास गर्दछन् । यसअतिरिक्त उनीहरुमा दशैं, तिहार, माघे संक्रान्ति, चैते दशैं, साउने संक्रान्ति पनि मान्ने चलन देखिन्छ ।

स्वास्थ्य र सरसफाइका बारेमा साम्पाङ राई समाज केही पछाडि परेको देखिन्छ । सामाजिक सम्बन्धका हिसाबले पहिलाको तुलनामा अहिले अन्य समाजसँगको सम्बन्ध बृद्धि भएको देखिन्छ । आर्थिक जीवनका बारेमा हेर्दा यिनीहरुको प्रमुख पेशा कृषि रहेको पाइन्छ भने सामान्य रुपमा वैदेशिक रोजगार पनि देखिन्छ । कृषिमा मुख्यगरी मकै, गहुँ, कोदो, धान, आलु, फापर आदि र पशुपालनमा गाई, भैंसी, भेडा, बाखा, सुँगुर, कुखुरा पाल्ने यो जातिको भोजनमा जाँड, रक्सी, ढिँडो, रोटी, दाललगायतका परिकारहरु पर्दछन् । धान, कोदो र अदुवालाई उनीहरु आफ्ना पितृपुर्खा तथा धर्मसँग सम्बन्धित मानेर विभिन्न कार्यहरुमा प्रयोग गर्दछन् । यो जातिमा अन्य जातिहरुभन्दा फरक प्रकारको खाना भटमासबाट बनाइएको किनिमा रहेको छ । यस्तै मासुको प्रकारमा खिक्रिवापा (कुखुराको प्वाँखलाई डढाएर त्यसमा कुखुराको खुट्टा, पखेटा, टाउको, आन्द्रासमेत काटेर लगाई

पकाइएको खाद्य वस्तु) रहेका छन् । यो खाँदा निकै तितो अनुभव हुने भए पनि यस प्रकारको खानाले मानिसहरुमा हुने थकानलाई सन्चो गर्दछ भन्ने उनीहरुको भनाइ छ ।

यो जातिको जन्मपूर्वदेखि मृत्युपर्यन्तसम्मका विभिन्न संस्कारहरु हेर्दा अन्य समाजको भन्दा फरक रहेको पाइन्छ । उनीहरु परिवारमा महिलाहरु गर्भवती भएको थाहा पाएदेखि नै विभिन्न संस्कारगत कार्यहरु सुरु गर्दछन् । उनीहरुका अनुसार गर्भवती महिलाहरु रातको समयमा एक्लै हिँड्डुल गर्न नहुने, गाईवस्तुका दाम्लोहरु नाघ्न नहुने, कुनै देवदेवीको पूजापाठ गर्न नहुने, कुनै जीवको काटमार गर्न नहुने जस्ता बारनको कार्य गर्नुपर्ने देखिन्छ । यस्तै पुरुषहरुले पनि आफ्नी श्रीमती गर्भवती भएको अवस्थामा काटमार गर्न, सिकार खेल्न, कुनै पूजाआजा गर्न, मलामी जाने जस्ता क्रियाकलापमा सहभागी हुन नहुने मान्यता पाइन्छ । यस प्रकारका सबै प्रकारका बारबन्देजका कार्यहरु शिशु र आमाको स्वास्थ्य रक्षाका लागि अपनाइएको देखिन्छ ।

जन्मपछि गरिने संस्कारहरुमा न्वारन, पास्नी, छेवार र गुन्यूचोली रहेका छन् । यी संस्कारहरु छोराको भए जोडी समय (६ दिन, ६ महिना, ६ वर्ष) तथा छोरीको भए विजोडी समय (५ दिन, ५ महिना, ५ वर्ष)को समयमा गर्ने परम्परा देखिन्छ । यस्ता संस्कारहरुको विशेष महत्व रहेको देखिन्छ । जस्तै- न्वारनले शिशुको पहिलो चिनारीको संज्ञा स्थापित गर्ने, पास्नीले शिशुहरुलाई आवश्यक पर्ने पौष्टिक तत्वहरुको परिपूर्ति सुरु हुने र छोराको छेवर तथा छोरीको गुन्यूचोलीले बालबालिकाहरु पूर्णतः वयस्क भएको सांकेतिक मान्यता राख्दछन् । यो जातिमा छेवर तथा गुन्यूचोलीले ठूलो महत्व राख्दछ । किनभने, यो कार्य गरेपछि मात्र बालबालिकाहरु पूर्ण मानव भएको मान्ने गर्दछन् । यो संस्कार गरेपछि ती बालबालिकाहरुले वयस्कसरह परिवारको जिम्मेवारी ग्रहण गर्नुपर्ने हुन्छ । छेवर तथा गुन्यूचोली गरिसकेपछि उनीहरुको मृत्यु भए ठूला मानिससरह नै काजकिरिया गर्नुपर्दछ भने उनीहरुले पनि आफ्ना मानिसहरुको मृत्युमा पूर्णतः सबै संस्कारगत जिम्मेवारीअनुसार काम गर्नुपर्ने हुन्छ । यसरी छोराको छेवर ६ वर्ष वा त्यसभन्दा माथि जोडी वर्षहरुमा र छोरीको गुन्यूचोली ५ वर्षदेखि माथिका विजोडी वर्षहरुमा गर्ने मान्यताले उनीहरुमा बालबालिकाहरुको शारीक तथा मानसिक अवस्था हेरेर जिम्मेवारीको स्तरमा राख्ने मान्यता रहेको देखिन्छ । छेवर तथा गुन्युचोलीको संस्कार गर्न मामाको भूमिका महत्वपूर्ण मान्ने गरेको पाइन्छ । मामाले भानिजको छेवर तथा भान्जीको गुन्यूचोली गरिदिएबापत मामालाई

बालबालिकाको तर्फबाट आमा बाबुले रीतस्वरुप जाँड, रक्सी तथा मासु दिनुपर्ने हुन्छ । तर, यो कति दिने भन्ने कुरा भने मामाको इच्छामा भर पर्दछ । उनैले भनेअनुसारको रीत राखेपछि मामाले पनि भान्जाभान्जीलाई आशिर्वादका साथ आफ्नो गच्छेअनुसारको रकम दक्षिणा दिनुपर्दछ । यही छेवर तथा गुन्यूचोलीको संस्कार गरेपछि मात्र छोराले नयाँ दौरा, सुरुवाल तथा छोरीले गुन्यूचोली लगाउने अनुमति पाउँछन् ।

वैवाहिक संस्कारबारे पनि यो जातिमा आफ्नै प्रकारको परम्परागत मान्यताहरु रहेको पाइन्छ । विवाहका लागि उत्तम कुटुम्बको रुपमा आफ्नै जनजाति तर विपरीत पाछाकालाई पहिलो प्राथमिकता दिइन्छ । यसपछि अन्य जनजातिका राई समुदायका विभिन्न जनजातिहरु र अन्तमा मात्र समग्र किरात जातिभित्र वैवाहिक नाता-सम्बन्ध गाँस्न उचित ठान्ने गरेको पाइन्छ । उनीहरु यस्ता आफ्नो जनजातिका कुटुम्बहरुसँग गरिएको विवाहलाई मात्र आफ्नो कुलपरम्पराअनुसार असल मान्दछन् । विवाहका प्रकारमा मागी, चोरी/प्रेम र जारी विवाह पर्दछ । यीमध्ये मागी विवाहलाई सबैभन्दा राम्रो मानिन्छ । यसरी विवाहका लागि कुटुम्बका छोरीचेली माग्न पनि विभिन्न चरणहरु पूरा गरेर केटी पक्षलाई रीतिका सामानहरु तीनचारपटकसम्म बुझाउनुपर्ने हुन्छ । वैवाहिक कार्य सम्पन्न गर्नका लागि यो जातिमा दुलहा र दुलही पक्षबीच सोझै कुराकानी तथा सरसल्लाह हुँदैन । यसकारण दुलहापक्षबाट कुनै कुटुम्बको छोरीचेली विवाहका लागि उचित देखेपछि पहिलो मध्यस्थकर्ताको रुपमा सारते अर्थात् लम्लँःमीको छनौट गरी पहिलो चरणको कार्य आरम्भ हुन्छ । दुलहा र दुलही दुवै पक्षमा सारते/लम्लँःमी (वैवाहिक कार्यमा कार्य गर्ने पहिलो मध्यस्थकर्ता) व्यवस्था गरिएको हुन्छ । उनीहरुको काम सम्भावित दुलहीको व्यक्तिगत आचरण, बाबुमाइतिको आर्थिक, सामाजिक, सांस्कृतिक, पारिवारिक अवस्था बुझेर दुलहा पक्षको सारतेलाई खबर गर्ने र दुलहा पक्षको सारतेले दुलहा पक्षकालाई सम्पूर्ण कुराको जानकारी दिने जिम्मेवारी पाएका हुन्छन् । यिनै सारतेमार्फत् कुरा बुझेर उचित लागेपछि दुलहा पक्षबाट सम्भावित दुलहीको दिपा वा बँःव (ठूलो बुबा वा काका) मार्फत् दुलही पक्षको बाबुमाइतिकहाँ गएर रीतिविधिपूर्वक औपचारिक कुरा अगाडि बढाउँछन् । यसरी पहिलोपटक औपचारिक कुरा चलाउँदा कुरा मिल्ने भए त्यसै दिनदेखि सारतेको स्थानमा दुवै पक्षले दुई-दुईजना चिम्चँ र पुरुतु (कलिया)हरु छनौट गर्दछन् । यसपछि सारतेको स्थानमा तिनै कलियाहरुमार्फत् सरसल्लाह गरी विवाहका कार्य सम्पन्न गर्दछन् ।

यो समाजमा वैवाहिक कार्य पूरा गर्न मुख्यतः पहिलो तहमा कुरा चलाउने अनि दोस्रो चरणमा बुहारी घर टेकाउने र अन्तिम चरणमा विवाहका रीत बुझाई वचन-वाग्दाता माग्ने गरी तीन चरणहरु पार गर्नुपर्दछ । तीनै चरणमा दुलहा पक्षले दुलही पक्षका बाबुमाइति, मावलीहरुलाई रीतका विभिन्न सामानहरु पनि बुझाउनुपर्ने हुन्छ । यसमा मुख्यगरी जाँड, रक्सी (१८-२२ कठुवा कम्तीमा), सुँगुरको मासु (फिला कम्तीमा ४-६ वटा), केही रकम, तामाको भाँडा एउटा, काँसको बटुका एउटा, तामाको सिक्का एउटा र अन्य केही सामानहरु पर्दछन् । यस्ता सामानहरुको परिमाण भने केटी पक्षको माग तथा परम्परागत मान्यतामा आधारित हुन्छ । तर, तेस्रो चरणको कार्य भने छोरीचेली कुटुम्बको घरमा उचित स्थान अर्थात् पूर्ण अधिकार स्थापित हुने र दुलहा-दुलहीको घरबार राम्ररी चल्ने अवस्था बुझेपछि मात्र आफ्नो छोरीचेली सुम्पेर वचनवाग्दाता दिने मान्यता छ । यसरी केटी पक्षकाहरुले विवाहमा छोरीचेलीको वचनवाग्दाता दिँदा विधिपूर्वक हाइखुवा पूजा गरी तीन चुल्होबाटै आफ्ना छोरीचेली कुटुम्बको कुलतर्फ सार्ने काम हुन्छ । यसपछि दुवैतर्फबाट वचन-वाग्दाता दिने र लिने प्रक्रिया पूरा गर्नुपर्दछ । यो वाग्दातामा केटी पक्षले आफ्नो छोरीचेली कुटुम्बलाई दिएको तीन बाचा गर्दछन् तर आखिरमा 'हाम्रो छोरीचेलीको मासु दियौं, हाड दिएको छैनौं' भनेर आफ्नी छोरीचेलीको बचाउको विकल्प राख्ने मान्यता पाइन्छ । यसको अर्थ आफ्नी छोरीचेली कुटुम्बको घरमा सहज रुपमा गरिखान नसके वा हेलाहोचो गरिएमा बाबुमाइतिले फिर्ता ल्याउन सक्ने विकल्प राखिएको हो भन्ने साम्पाङ बुढापाकाहरुको भनाइ रहेको छ । यसरी छोरीचेली कुटुम्बलाई दिँदा पनि उनीहरुमा आफ्ना छोरीचेलीको भविष्यप्रति गहिरो जिम्मेवारीबोध गरेको देखिन्छ । वाग्दाताको प्रक्रिया सकिएपछि खुँडा जगाउने कार्य हुन्छ । यो दुलहा-दुलहीले दोस्रो विवाह गर्ने अवस्था नआओस् भनेर दुवै पक्षलाई नैतिकतामा बाँध्ने कार्य हो । किनभने, खुँडा जगाउँदा दुलहा र दुलही दुवै पक्षको तर्फबाट पुनः दोस्रो विवाह गर्ने मनसाय राखेमा एकले अर्काको लागि आफ्नो अधिकारअनुसार नियन्त्रणमा राख्न सक्ने बाचाबन्धन गर्ने गर्दछन् । यसपछि अन्तमा सम्धीढोग गर्ने मान्यता छ । यसरी विवाहका दुलही पक्षबाट माग गरेअनुसारको रीतका सामान दुलहा पक्षले बुझाउनु, हाइखुवा पूजा गर्नु, वचन-वाग्दाता दिनुलिनु, खुँडा जगाउनु र अन्तमा सम्धीढोग गर्नु प्रमुख प्रक्रियाहरु पर्दछन् । यस्तो प्रक्रियाहरुमध्ये बाबुमाइति पक्षबाट वाग्दाता दिने कार्य केही ढिलो हुने गर्दछ । यसको कारण भनेको दुलहा पक्षबाट आफ्नी छोरीचेलीलाई गरिने व्यवहार, ज्वाइँको अवस्था सवै विचार गरेर आफ्नी

छोरीचेलीको भविष्य सामान्य रुपमा चल्ने पक्का भएपछि मात्र बाग्दाता दिने मान्यता रहेको पाइन्छ । यसरी यो जनजातिमा आफ्ना छोरीचेलीको भविष्यप्रति बाबुमाइति निकै चनाखो रहेको हुन्छ ।

यसप्रकार यस्ता विभिन्न प्रक्रियाहरु पूरा गरी ल्याएपछि आफ्नो घरमा पनि नयाँ दुलहीलाई विधिपूर्वक घर भित्र्याएर कुल/चुल्होमा प्रवेश गराउनुपर्दछ । यसबेला कुवीले विधिपूर्वक हाइखुवा पूजा गरी दुलहीलाई कुल/चुल्होमा प्रवेश गराउनुपर्दछ । यसो नगरे सन्तान नहुने, भए पनि लुलालंगडा, अपाङ्ग हुने तथा दुलही विरामी भइरहने जस्ता नकारात्मक असर देखिरहन्छ भन्ने विश्वास रहेको छ । वैवाहिक कार्यको वचनवाग्दाता लिइसकेपछि पनि अन्तिम भाग्को रुपमा विवाह भएको वर्षमा आउने दशैंमा टीका थाप्न दुलहा-दुलही बाबुमाइतिकहाँ केही सौगातका सामानहरु लिएर जानुपर्दछ । यसपछि मात्र छोरीचेलीको वैवाहिक कार्य विधिवत् रुपम सम्पन्न भएको मानिन्छ ।

तर अभिभावकको अनुमतिविना विवाह (चोरी/प्रेम) गरेमा दुलही पक्षले लामो समयसम्म वाग्दाता दिन अस्वीकार गर्न सक्दछ । यस्तो अवस्थामा कुटुम्बहरुको सम्बन्ध सहज भएर विधिपूर्वक विवाह सम्पन्न गर्न पनि समय लाग्ने हुन सक्दछ । यस्तो अवस्थामा बाबुमाइति पक्षले तत्कालै त्यसरी एकपक्षीय रुपमा गरिएको विवाहलाई सहजै स्वीकार गर्दैनन् र रीतका सामानहरु बुझाउने बुझ्ने कार्य लामो समयपछि मात्र हुन सक्दछ । यो समाजमा हिन्दू मान्यताजस्तो आफ्नी छोरीचेलीलाई कन्यादान अर्थात् कुटुम्बलाई पवित्र दानको रुपमा सुम्पने मान्यता छैन ।

यसरी विवाह विधिवत् सम्पन्न गर्न दुलहा र दुलही पक्षका सारते, कलियाहरु, धिवाँतो र कुबीहरुको मुख्य भूमिका हुन्छ भने दुलही पक्षका मावलीको पनि प्रमुख भूमिका रहन्छ । विवाहमा दुवै पक्षकहाँ हाइखुवा पूजा गर्न अनिवार्य मानिन्छ । आफ्नी छोरीचेलीलाई हाइखुवा पूजा गरेर कुटुम्बतर्फ सार्ने र दुलहा पक्षबाट पनि कुटुम्बको छोरीचेली ल्याएपछि हाइखुवा पूजा गरेर आफ्नो कुलमा प्रवेश गराउने कार्य विवाहको प्रमुख धार्मिक पक्ष रहेको छ । यसैगरी वचन-वाग्दाता लिनुदिनु अनिवार्य मानिन्छ । यस्तो कार्य नगर्दै दुलहीको मृत्यु भएमा मृतकको संस्कार बाबुमाइति पक्षले नै गर्नुपर्ने अवस्था रहन्छ ।

यो समाजमा सामान्यतः अन्तरजातीय विवाह स्वीकार्य छैन । कसैले अन्तरजातीय विवाह गरेमा विवाहित महिलालाई कुल/चुल्होमा प्रवेश गराउन भने हुँदैन । यस्ताको मृत्युमा पनि मृतकको माइति र त्यो सम्भव नभए उनैको स्वजातीहरुबाट संस्कारका कार्यहरु गर्न लगाउनुपर्ने मान्यता रहेको छ । यसर्थ अन्तरजातीय विवाह विरलै मात्र गरेको पाइन्छ । कसैकसैले अन्तरजातीय विवाहलाई वैधता दिन आफ्ना दाजुभाइ, नरनाता, गाउँ समाजका भद्रभलाद्मीलाई निम्तो गरेर दालभात चलाउने पनि गर्दछन् । तर, यो सहज हुँदैन । किनभने, यो कुरा केटापक्षकाले मात्र मानेर हुन्न, गाउँसमाज, दाजुभाइ सवैले स्वीकार गनुपर्दछ । यसरी कसैले दालभात चलाएर अन्तरजातिका महिला पनि स्वजातिसरहको मान्यता दिए पनि कुलले नसहेमा त्यस्ता दुलही विरामी भैरहने सन्तानहरु नराम्रो हुन्छ भन्ने पनि उनीहरुको विश्वास रहेको छ । तर, कुनै नराम्रो संकेत नआएमा यस्ता जातिको मृत्युपछिको संस्कारगत स्वजातिसरह नै गर्न सकिने मान्यता रहेको पाइन्छ ।

वर्तमान अवस्थामा लगभग ४० प्रतिशत हाराहारीमा रहेको अनुमान गरिएका युवापिँढीमध्ये लगभग १० प्रतिशतले स्वजातीयभन्दा अन्तरजातीय सम्बन्ध मन पराउने गरेको पाइएको छ । यसैगरी पुराना मान्यताअनुसार वृहत् परिवारको स्थान संयुक्त र एकल परिवारले बढी स्थान लिन थालेको देखिन्छ । यसमा अझ नयाँ पिढीमा एकल परिवारतर्फ आकर्षण बढ्दै गएको छ । शिक्षितहरु स्वतन्त्र बस्न मन पराउने भएकाले पनि परिवारमा अभिभावकहरुको बन्धनमा बस्नुभन्दा एकल परिवारमा बस्न रुचाउने बढेका हुन् ।

मृत्युसंस्कारबारे पनि यो जातिको आफ्नै परम्परागत मान्यताहरु रहेको पाइन्छ । मृत्युसंस्कार सहज र असहज गरी दुई प्रकारको पाइन्छ । कुनै व्यक्ति उमेर पुगेर सामान्य रुपमा विरामी भै मृत्यु भएमा त्यस्तालाई सहज मृत्यु मानेर आफ्नै बारीमा गाड्ने मान्यता छ । यस्ता मृतकको मृत आत्मा कुल (चुल्हो)मा लगाइन्छ र यस्ताको आत्मालाई वर्षमा कम्तीमा तीनपटकसम्म पितृको रुपमा पूजा गरेर आशिर्वाद माग्ने गर्दछन् । मृत्युसंस्कार पनि मुन्धुमअनुसार विधिवत् पूरा गर्ने गर्छन् र छाकजुठो पनि पूरै पाँच छाक बारन गर्दछन् । यसरी कसैको मृत्युपछि शवलाई सतगद गर्ने कार्य सम्पन्न गरी घर आएपछि पहिलोपटक कुवीद्वारा साम्खाइ पूजा गराउँछन् । यसपछि नै छाकजुठो बारनको कार्य सुरु हुन्छ । छाकजुठो पाँच छाक बार्ने गर्दछन् । यो कार्य सकिएपछि नुनतेल तथा मलामी चोख्याउने कार्य गर्नुपर्ने हुन्छ । यस दिन पनि पहिलाकै जस्तो विधिपूर्वक साम्खाइ पूजा

गर्नुपर्दछ । यसपछि अन्तिम किरियाकाज वर्षदिनभित्र अनुकूल समय मिलाएर मृत्यु भएको समयले विजोडी महिनामा सम्पन्न गर्ने गर्दछन् ।

साम्पाङ राई समाजमा अपवादमा राखी किरिया पनि गर्ने मान्यता छ । जस्तै, कसैको विवाह गर्नका लागि सबै व्यवस्था मिलाइसकिएको अवस्था र विवाहकार्य कुनै पनि हालतमा पर सार्न नसक्ने अवस्थामा घरका कुनै सदस्यको मृत्यु भएमा त्यो मृतकको सतगद गरिन्छ तर छाकजुठो बारनको कार्य भने विवाहको कार्य सम्पन्न गरेपछि मात्र साम्खाइ पूजा गरेर सुरु गरिन्छ । यस्तै कसैको मृत्युपछि साम्खाइ पूजा गरी छाकजुठो बारन गर्दा पाँच छाक पूरा नहुँदै अर्को महिना वा वर्षको सुरुवात हुने भए पनि ती अर्को महिना वा साल सुरु भएपछि मात्र साम्खाइ पूजा र बारनको कार्य गर्दछन् । यस प्रकारको संस्कारलाई उनीहरु राखीकिरीया भन्दछन् ।

साम्पाङहरुमा कसैको दुर्घटनामा परेर, आगोमा जलेर, पानीमा बगेर, विष सेवन, प्रशव, बालमृत्यु भएमा त्यस्तालाई असहज मृत्यु मान्ने गर्दछन् । असहज मृतकको आत्मा कुलमा नजाने भएकाले मृत्यु संस्कार पनि सहज मृतकको भन्दा बेग्लै प्रकारले गर्ने परम्परा रहेको छ । जस्तो कि सहज मृतकलाई आफ्नै बारीमा गाडेर सम्मानपूर्वक साम्खाइपूजा गरी उनको आत्मालाई कुलमा लगाउँछन् र विधिपूर्वक पाँच छाकजुठो बारन पनि गर्दछन् । यसर्थ उनीहरु आफ्ना नजिकको नातालाई पाँचछाके दाजुभाइको भनेर चिन्ने गर्दछन् । तर, असहज मृत्यु हुनेलाई रीतिविधिविना नै जङ्गलमा लगेर गाड्ने, साम्खाइपूजा पनि नगर्ने, मृत आत्मालाई कुलमा पनि नलगाउने साथै उनको नाममा कुनै छाकजुठो पनि बारन नगर्ने मान्यता देखिन्छ । यसको अर्थ कसैको जन्मपछि मृत्यु हुँदा पनि सहज रुपमा मृत्यु वरण गर्नुपर्दछ, असहज मृत्यु वरण गर्नेले कुनै मानसम्मान पनि पाउँदैन भन्ने मानसिक प्रवृत्ति देखिन्छ ।

सहज मृतकको अन्तिम किरियाकाज गर्दा उनको नाममा पाटी, चौतारा बनाएर मृतकको नाममा शिलालेखहरु राखिन्छ । यसो गर्नाले मृत आत्माले सुख पाउँछ र जीवितहरुलाई राम्रो आशिष दिन्छ भन्ने विश्वास छ । तर, असहज मृतकको नाममा यस प्रकारको पाटीपौवा, चौतारा जस्ता स्मृतिस्थलहरुको निर्माण गरिँदैन ।

मृत्युपछि सामान्य परिस्थितिमा गरिने पितृ पूजा वर्षको कम्तीमा तीनपटक गर्ने गरेको पाइन्छ । यो नयाँ अन्नबाली पाकेपछि आफूहरुले खानुपूर्व, उभौली र उधौलीको

समयमा पर्दछ । यसअतिरिक्त विशेष परिस्थितिमा गरिने पितृपूजा नागा तथा चाम्चेपूजा गरी सन्तान नहुनेले सन्तान माग्ने र कुनै कडा रोगहरुबाट मुक्ति पाउने कार्य गर्दछन् भने कसैले आफ्नो जीवनकालमा प्राप्त गरेको इज्जत, ख्याति, प्रतिष्ठा तथा मानसम्मान प्राप्त गरी नाम लगाउन छम्मधम पूजा गर्दछन् । तर, यस्ता सबैखाले पितृपूजाहरु समय-परिस्थितिअनुसार गर्न सकिने भए पनि छम्मधम भने जीवनको अन्तिम क्षणतिर एकपटक मात्र गरिन्छ । यो समाजमा जन्मदेखि मृत्युपर्यन्तसम्म गरिने यस्ता अनेक संस्कारका हरेक कार्यहरु गर्दा आफ्नै भाषाबाट मुन्धुम वाचन गर्न पनि अनिवार्य मानिन्छ । आफ्नो भाषाबाहेक अन्य भाषाबाट मुन्धुम वाचन गरिएमा कुनै पनि संस्कारहरु पूर्ण हुँदैन भन्ने विश्वास उनीहरुमा रहेको छ । यसअनुसार समग्रमा यो जातिको आफ्नो छुट्टै जातीय पहिचान संस्कार, संस्कृति, परम्परागत मूल्यमान्यता रहेको छ जुन अन्य जातिका राई समाजसँग मिल्दैन ।

साम्पाङ राई जनजातिमा पाइने यस प्रकारको मृत आत्माको पूजाजस्तै मान्यता एसियाका अन्य मुलुकहरुका पनि पाइन्छ । जस्तै, चीन तथा कोरियामा यस्तो मान्यता भएको बुझिन्छ जसलाई कन्फ्युसियनिजम् भन्दछन् । चीनमा पितृहरुको पूजा गरेर खाना, हातहतियार तथा केही वस्तुहरु चढाउने गर्दछन् । कोरियालीहरु पनि वर्षको कम्तीमा तीनपटक यस्ता पूजा गर्दछन् । यसबेला आफ्ना पितृहरुलाई धन्यवाद दिँदै नयाँ पाकेका फलफूल र आफ्ना विभिन्न खानाहरु चढाउँछन् । साम्पाङ राईहरुसँग अन्य मुलुकका जातिहरुमा रहेको पितृसंस्कारका मान्यताहरु केही प्रतिशत मिल्ने देखिन आउँछ ।

साम्पाङ राई समाजमा पुर्खाहरुले स्थापना गरी छाडिदिएको आफ्नै भाषा, संस्कार, संस्कृति, धर्मलगायत विविध परम्परागत मूल्यमान्यताका कुराहरुमा केही परिवर्तन देखापर्दै गएको छ । यसको प्रमुख कारण भनेकै अन्तरजातीय संस्कार, संस्कृति, धर्म, भाषा, मूल्यमान्यताको प्रभाव र नयाँ पिढीको परिवर्तित मनस्थिति हो । यसले उनीहरुको पहिचानमा नकारात्मक प्रभाव बढ्दै गएको छ । यसमा विशेषगरी पश्चिमी शैलीको प्रभाव बढी पर्दै गएको छ ।

## ८.२ निष्कर्ष

कतिपयले किरात राई समुदायभित्रका विभिन्न जनजातिहरुलाई एकै समूह हो र भाषा, धर्म तथा संस्कारहरु स्थानविशेषले केही फरकजस्तो देखिएको मात्र हो भन्ने गरेको पाइए पनि वास्तवमा त्यसो होइन । यस अध्ययन-अनुसन्धानबाट साम्पाङ राई जनजातिको आफ्नै इतिहास, परम्परागत मूल्यमान्यतामा आधारित संस्कार, संस्कृति, धर्म, मुन्धुम, भाषा, प्रथा, परम्पराहरु रहेको देखाउँछ । किनभने, उनीहरुको उत्पत्तिकालिन इतिहास, आफ्नो आदिम बासस्थान, उत्पत्ति, पुर्खाहरु, पाछा, साम्मे अन्य राईहरुको भन्दा अलग र फरक छ । संस्कारहरुमा पनि जन्म संस्कारमा छोराको ६ दिन र छोरीको ५ दिनम गरिने न्वारन, छोराको ६ महिना र छोरीको ५ महिनामा गरिने पास्नी, यस्तै छोराको ६ वर्ष र छोरीको ५ वर्षमा गरिने छेवर तथा गुन्यूचोली फरक छ । यस्तैगरी विवाह संस्कार पनि सारते/लम्लँमी र चिम्चँ पुरुतुको भूमिकाबाट सम्पन्न गरिने र विवाहमा केटापक्षबाट २०-२२ चिण्डो रक्सी, ४-६ वटा सुँगुरको फिला, चाँदीको सिक्का पैसा बुझाएपछि हाइखुवापूजा, खुँडा जगाउने, वचन वाग्दाता दिने आदि प्रक्रियाहरु अन्य राईहरुको भन्दा फरक संस्कारहरु छन् । मृत्यु संस्कारका सम्बन्धमा पनि अन्य थरका राईहरुको भन्दा फरक संस्कारहरु छन् । यो समाजमा आफन्तको मृत्युमा पाँचछाक बारन गर्ने, मृत आत्मालाई कुलमा मिलाउन साम्खाइ पूजा गर्नुपर्ने, विशेष अवस्थामा राखी किरीया गर्ने र फूल तार्ने संस्कार गर्ने अलग संस्कारहरु रहेका छन् । यसैगरी अन्य संस्कारहरुमा पितृपूजा सामान्य अवस्थामा बाहेक नागापूजा गरी सन्तान माग्ने, विभिन्न रोगकष्टबाट मुक्त हुने र छम्मधमपूजा गरी इज्जत-प्रतिष्ठाका लागि नाम लगाउने कार्य अन्य राईहरुको भन्दा विशिष्ट छ । तर, पहिचानका यस्ता आधारहरु विभिन्न कारणले छायाँमा पर्दै गएको छ । जस्तो कि सहर-बजारमा कुवीहरु नपाइने, आफ्नो भाषा प्रयोग गर्नेहरु पनि ज्यादै कम पाइने, परम्परागत संस्कारहरु जान्ने जानकार व्यक्तिहरु नपाइने, आफ्नो जीवनपद्धतिभन्दा साम्पाङइत्तर जातिका जीवनशैलीप्रति आकर्षित हुँदै जाने जस्ता कारणहरुबाट साम्पाङ राईहरुको आफ्नो स्वतन्त्र पहिचान खतरामा पर्दै गएको छ ।

यो जातीय समाजमा हरेकजसो संस्कारगत कार्य सम्पन्न गर्ने मूल माध्यम मुन्धुम रहेको छ । मुन्धुम उनीहरुका लागि हिन्दूहरुको वेद, बौधमार्गीहरुको त्रिपिटक, इसाइहरुको

बाइबल तथा मुस्लिमहरुको कुरानजतिकै महत्वको रहेको छ । यही मुन्धुमको मात्रै लोप हुने अवस्था भएमा साम्पाङहरुको सम्पूर्ण पहिचान ओभ्फेलमा पर्न सक्नेछ ।

साम्पाङ राई समाजको प्रमुख पेशा परम्परामा आधारित कृषि रहेको छ । कृषि तथा पशुपालनमा नयाँ र उन्नत प्रविधि अपनाउन सकेका छैनन् । शिक्षामा सामान्य सुधार देखिए पनि आर्थिक तथा सामाजिक कारणले उच्च शिक्षा हासिल गर्न सकेको देखिँदैन । आर्थिक क्षेत्रमा उनीहरुको पहुँचमा र क्षमता राम्ररी सक्षम भएको पाइँदैन । उनीहरु सरकारी तथा गैरसरकारी क्षेत्रको रोजगारीतर्फ न्यून सहभागी देखिन्छन् भने नगन्य अनुपातमा भारत तथा बेलायती सेनाहरुमा सहभागी छन् । यसअतिरिक्त विभिन्न वैदेशिक रोजगारमा पनि थोरैले अवसर पाएका छन् । घरेलु उद्योग प्रायः लोपोन्मुख अवस्थामा छ । वर्षभरि काम गरेर मुस्किलले ५-६ महिना खाना पुग्छ तर अतिरिक्त आम्दानीको नयाँ स्रोतहरु उपलब्ध छैनन् । सरकारबाट पाइने साना किसान ऋणहरु पनि सहज रुपमा उपलब्ध नभएकाले उनीहरुको परम्परागत कृषि पेशामा सघाउ पुगेको छैन । उन्नत बिउ, मलहरु ग्रामीण भेगमा पाउने अवस्था छैन । परम्परागत कृषि प्रणालीबाट भएको खेतीपातीमा पनि समय-समयमा लाग्ने विभिन्न रोगहरुबाट बचाउन स्थानीय रुपमा औषधि र विशेषज्ञहरु उपलब्ध नभएकाले यो समाजको आर्थिक अवस्थामा अझ समस्या थपिएको देखिन्छ । यसरी कष्टकर जीवन गुजारा गर्न बाध्य साम्पाङ राईहरुको आफ्नो पहिचानलाई जोगाउन उनीहरु निरन्तर लागिरहने परिस्थिति पनि देखिँदैन । यस्तै यावत कारणहरुबाट उनीहरुको इतिहासलगाय सवै कुराहरु लोप हुने खतरा बढ्दै गएको छ ।

## ८.३ सुझावहरु

किरात साम्पाङ राई जनजातिको जीवनस्तर व्यवस्थित गर्दै यिनीहरुको जातीय पहिचानलाई पनि जोगाइराख्न सरकारी तथा गैरसरकारी संघसंस्था र स्वयं साम्पाङ राई समाजबाट उनीहरुको पहिचानका आधारहरु संस्कार, संस्कृति, भाषा, धर्म तथा मूल्यमान्यताका विषयहरु समयमा नै संरक्षण, संवर्द्धन गर्दै जीवनशैलीको सुधार गर्न आर्थिक विकासमा जोड दिनका लागि केही सुझावहरु प्रस्तुत गरिन्छ ।

१) मुलुकमा लगभग ३० हजारको हाराहारीमा रहेको र विदेशी भूमिमा समेत केही संख्यामा छरिएर रहेको साम्पाङ राई जनजातिको माथि उल्लेखित जातीय

पहिचानसँग सम्बन्धित विषयह संरक्षण गर्न सरकारी तथा गैरसरकारी क्षेत्रबाट समेत प्रोत्साहन र सहयोग गरिनु जरुरी छ । यसका लागि निम्न कदमहरु चाल्न आवश्यक छ-

क) साम्पाङ राई संस्कार, संस्कृति तथा धर्मबारे सवैलाई महत्व बुझाई सामाजिक चेतनामूलक कार्यक्रमहरु गरिनुपर्ने,

ख) उनीहरुको भाषाको वैज्ञानिक अध्ययन-अनुसन्धान गरी आफ्नो भाषा बिर्सेकाहरुलाई पनि प्रशिक्षण दिनुपर्ने,

ग) उनीहरुको पुर्खाका ऐतिहासिक स्थलहरुको संरक्षण गरिनुपर्ने र

घ) उच्च शिक्षा हासिल गरी आफ्नो क्षमता अभिवृद्धि गर्नमा प्रोत्साहित गर्नुपर्ने ।

**संरक्षण गरिनुपर्ने स्थानहरु**

⇨ प्राचीन कालमा किरात साम्पाङ राईहरुका पहिलो पुर्खा आई बसोबास गरेको स्थान खोटाङ जिल्ला, बासपानी गाविस वडा नम्बर ९ मा पर्ने खोक्मा स्थित 'खुवालुङ खोकलुङ' ।

⇨ सोही स्थानमा रहेको पहिलो पुर्खाले टेकेर पाइला रहेको भनिएको 'सम्फालुङ' चप्लेटी ढुङ्गा ।

⇨ राज्य एकीकरण कालका साम्पाङ राईका अन्तिम राजा मानिएको **चतुरघना राई**ले आफ्नो स्वतन्त्र राज्य गरी बसोबास गरेको भनिएको खार्तम्छा गाविस वडा नम्बर ३ स्थित 'हाँःकुरिया डाँडा' र दाजुको हत्या देखेपछि उनका तीन बहिनी चेलीहरुले पनि आत्महत्या गरी मरेपछि उत्पन्न भएको मानिएको चतुरघनाको 'सिद्धबाजेको मन्दिर' र चेलीहरुको 'थानी मन्दिर' ।

⇨ यिनै जातिहरुसँग सम्बन्धित मानिएको पाथेका गाविसमा पर्ने 'छिरिलुङ्' र फेदी गाविस वडा नम्बर १ र २ को सिमानामा मर्ने २९०० मिटरको उचाईमा रहेको 'चिलिम्ढुङ्गा' समेत संरक्षणको पर्खाइमा रहेका छन् ।

२) साम्पाङ राईहरुको सामाजिक र आर्थिक जीवनस्तर सुधार गर्नका लागि सरकारी तथा गैरसरकारी निकायहरुबाट प्रभावकारी कार्यक्रम तर्जुमा गरी उनीहरुलाई विनाधितो निर्व्याजी ऋण प्रवाह गरी आर्थिक वृद्धिमा सहयोग पुऱ्याउनुपर्ने, परम्परागत कृषिको ठाउँमा आधुनिक प्रणाली अपनाउन जोड दिनुपर्ने, उच्च शिक्षा हासिल गर्न विभिन्न अवसरमा कार्यक्रम लागु गर्नुपर्ने, शिक्षित व्यक्तिहरुलाई योग्यताअनुसारको सरकारी र गैरसरकारी निकायहरुमा उचित रोजगारी दिलाउनुपर्ने र विभिन्न व्यवसायिक तालिम, परम्परागत घरेलु उद्योगलाई प्रोत्साहन र बजारको व्यवस्था गर्नुपर्ने देखिन्छ । यस्तो कार्य गर्नका लागि कुनै कानुनी अड्चन भए त्यसलाई समेत परिमार्जन र कानुनी व्यवस्था नै नभए नयाँ कानुन निर्माणसमेत गरेर उचित व्यवस्था गरिनु आवश्यक छ । अतः किरात साम्पाङ राई समाजमा रहेको यस्ता परम्परागत संस्कार, भाषा, धर्म तथा मूल्यमान्यताहरुको समयमा नै संरक्षण, संवर्द्धन गर्दै आर्थिक-सामाजिक स्तर उकास्न नयाँ र प्रभावकारी कदमहरु चाल्न सरकारी तथा गैरसरकारी निकायहरु र स्वयं किरात साम्पाङ राईहरुसमेतले ध्यान नपुर्‍याउने हो भने कुनै दिन उनीहरुको जातीय अस्तित्व नै समाप्त भएर जाने खतरा देखिन्छ ।

*☆समाप्त☆*

# परिशिष्ट १

# शब्दावली

| | |
|---|---|
| आम्लाबुँःङ् | सुनाखरी फूल, जससँग किरात साम्पाङ समाजको ऐतिहासिक-सांस्कृतिक सम्बन्ध रहेको छ । |
| काँःधिकाठ | शव बोक्ने बाँसको भऱ्याङ । |
| कुबी(मी) | साम्पाङ राई समाजमा धार्मिक कार्य सम्पन्न गर्ने व्यक्ति । |
| कुयेमा | परिवारमा कसैको मृत्युबाट जुठोमा परेको अवस्था । |
| कोंकोद | धार्मिक कार्यमा कुबीले चिन्ता गर्दा ढोल बजाउने दक्ष व्यक्ति । |
| खचुलुप्पा | किरात साम्पाङ राईहरुको विश्वासअनुसार उनीहरुलाई आधुनिकतातर्फ डोऱ्याउन आदिम पुरुष अर्थात् तँःमा, खेमाकी माइति । |
| खुवालुङ खोकलुङ | प्राचीन कालमा पुर्खाहरुले बसोबासको राम्रो स्थान मानेको ठाउँ । |
| खोकोलप्पा/कठुवा | काठबाट बनाइएको रक्सी राख्ने एक प्रकारको सामान । |
| खुँडा | साम्पाङ राईको पुराना हतियार । |
| गाछीघर | वैवाहिक कार्यमा केटी पक्षका बाबुमाइतिको घरलाई चिनाउने शब्द । |
| चम्खँः/बरन्डी | विवाहमा दुलहा-दुलहीलाई खाना खान दिइने सालको पातबाट बनाइएको विशेष प्रकारको टपरा । |
| चसुमी | खेतीपातीमा प्रख्यात । |
| चाम्चे/नागा | कसैको आयु माग्न, ठूलो रोगव्यधि हटाउन वा कुनै ठूलो विपत्तिबाट उन्मुक्ति पाउन गरिने पितृ पूजा । |
| चिम्चँः | विवाहमा केटी पक्षबाट प्रतिनिधित्व गर्ने कलिया (मध्यस्थकर्ता) । |

| | |
|---|---|
| चुरी | पितृकार्य सम्पन्न भएपछि कुबीलाई केही भविष्यवाणीहरु सोध्नलाई दुई कठुवा रक्सी र त्यसमाीथ केही फूलहरुसमेत राखेर गरिने रीति । |
| छ्ँःरिसा | कुलपितृ गर्दा आवश्यक पर्ने विभिन्न जीवजन्तुका मासुहरु । |
| छत्तिसा | विवाहको समयमा कलिया भेटको समयमा टपरामा राखिने सुँगुरको भुटेको मासु । |
| छम्मधम | सवैभन्दा ठूलो पितृपूजा जो कसैले आफू नाम, दाम, इज्जत, प्रतिष्ठा कमाएका व्यक्तिहरुले जीवनमा एकपटक मात्र गर्ने सवैभन्दा महत्वपूर्ण पितृपूजा । |
| छियामा | मरिमराउको दुःखबाट मुक्त भएको अवस्था । |
| छेवा | माइति । |
| छेकुमा | चेली । |
| छेम् | अगेनाभन्दा सिधामाथी मलबाँसको भाटाहरुबाट बनाइएको सानो भार जहाँ पितृ आत्माहरु बस्ने विश्वास गरिन्छ । |
| जोखाना | कुवी मन्त्रअनुसार कुनै घटनाको कारण हेर्ने विधि । |
| टिकम | विवाहमा गाउँका राई/तालुकलाई दिइने रक्सीका रीत । |
| तँःमा, खेमा | किरात साम्पाङ राईहरुको विश्वास अनुसार उनीहरुलाई आदिम कालमा आधुनिकता तर्फ डोऱ्याउने सिप कलाका धनी दिदी र बहिनी (दुई चेलीहरु) । |
| तायादिन | आदिम काल । |
| तायामी | साम्पाङ राई समाजमा धार्मिक तथा सांस्कृतिकलगायत सबैजसो विषयमा ज्ञानी मानिएको व्यक्ति । |
| तुम्साबु | पुर्खा मान्यजन (आदारार्थी सम्बोधन) । |

| | |
|---|---|
| तोदुङ्वाँःतो | बाजेको दाजुभाइतर्फको सन्तान । |
| थानी | कुनै मृत व्यक्तिको आत्मा जो कूलमा नगई थानीको रुपमा उत्रेका हुन्छन् र घरबाहिर नै पूजा गर्ने व्यवस्था गरिएको हुन्छ । विशेषगरी अन्तरजातीय विवाह गरी ल्याइएकी स्त्रीको आत्मा । |
| थुतुरीवेद | किरात साम्पाङ राई समाजमा मौखिक परम्परामा जीवित रहेको मुन्धुम । |
| दँःदापः | उधौलीको आरम्भ । |
| दँःवाङः | उभौली आरम्भ । |
| दालो | प्राचीन उत्पत्ति स्थान । |
| धिवाँःतो | बडाबाबु वा काकाहरु । |
| धीः/सखेवा लुङ | सखेवा पूजा गरी कुबी र तायामीले पूजाथानबाट निकाल्ने विशेष प्रकारको ढुङ्गा । |
| धेम्मालुङ | साम्पाङ राईहरुको धार्मिक विश्वासअनुसार मरेपछि आत्मा पुग्ने अन्तिम स्थान । |
| निनाम्बुं मखाबुं | आकाश-पतालका धनी/भगवान । |
| नुङ्युङ्मा | न्वारन गर्ने कार्य अर्थात् नामाकरण । |
| पाछा | जातिबाट छुट्टिएर गएका उही समूहका एक छुट्टै सन्तान (पा = बाबु, छा = छोरा अर्थात् सन्तान) । |
| पारुहाङ | किरात साम्पाङ राईहरुको विश्वासअनुसार आफ्ना प्रथम उत्पत्ति पुर्खा । |
| पुरुतु | विवाहमा केटापक्षबाट प्रतिनिधित्व गर्ने कलिया (मध्यस्तकर्ता) । |
| बगुना | शुभकार्यका निम्ति फूल, तितेपातीलगायतबाट काँसको लोहोटामा बनाइएको कलश । |

| | |
|---|---|
| बिछु | अदुवा, जो साम्पाङ समाजमा हरेक धार्मिक तथा सांस्कृतिक कार्यमा अनिवार्य हुन्छ । |
| बिलालाप्सा | मृत आत्माहरुलाई विधिपूर्वक कुलमा नलाएमा, सेहैं भएकाहरुलाई पनि समयमा टुङ्गो नलाए अथवा जीवित व्यक्तिहरु पनि हराएर, बिलाएर जाने अवस्था अर्थात् अलापविलाप भएर बस्ने अवस्था । |
| बुलुचुरी | वैवाहिक कार्य गर्ने दिन निश्चित भएको २ वा ३ दिनअगाडि दुलही पक्षबाट दुलाहपक्षकहाँ आवश्यक व्यवस्थापनहरु हेर्न जाने कार्य । |
| बुलुदाम | विवाहमा केटापक्षबाट बाग्दाता माग्न ल्याउनुपर्ने तामाको पैसा र एक जोडी तामा वा पित्तलको भाँडा । |
| बुलुमी | धनवान व्यक्ति । |
| बुवाँःसा | छोरीचेली तर्फबाट वैवाहिक कार्यका रीतमा लगिने सुँगुरको मासु । |
| भुनेउ | कुवीहरुको घण्टीमालालगायतका सामान बोक्ने चोयाबाट बनाइएको वस्तु । |
| ममसी | अकालमा मृत्यु भएको स्त्रीको मृतात्मा । |
| मलाथुम्का | आदिम कालमा तँःमा र खेमा विभिन्न सिपका कुराहरु गरी बसेको मानिएको खोटाङ जिल्ला हलेसी र सल्ले गाविसको सिमानामा पर्ने एक प्राचीन र धार्मिकस्थल जसलाई किरात राईहरु तुवाचुङ-जायजुम भन्छन् । |
| माइत | विवाहका जन्तीहरु फर्कने बाटोमा केटी पक्षकाले जाँड-रक्सी राखेर बाटो छेक्ने रीत । |
| याफेमा | सम्धीढोगमा प्रयोग गरिने चाँदीको एक मोहर पैसा । |
| रिप्तँः/रिप्दँः | कसैलाई सम्मानका निम्ति कमालमा बाधिदिइने सेतो फेटा । |

| | |
|---|---|
| रैंःकोसा | मृत्यु संस्कारको समयमा सुध्याइँ गर्दा टपरामा राखिने सुँगुरको भुटेवा मासु । |
| लाम्तुप्मा | वैवाहिक कार्यमा जन्तिलाई स्वागतका निम्ति घरभन्दा केही टाढा केटा र केटीको पक्षकाहरु भेट गरी केही सगुन खाने, खुवाउने काम । |
| लाम्लाबु | भाइबहिनी (आदारार्थी सम्बोधन) । |
| लिम्माछी | सगुन खुवाउने कार्य । |
| लुम्दुवाँःतो | बराजुको दाजुभाइतर्फको सन्तान । |
| लेलेपेर्मा | मृतकलाई गाढ्दा शवको काखीमा प्वाँख राखिदिइने कुखुरा चल्ला । |
| वतँरँः | विवाहमा भाइ खाने रीत अर्थात् नियमित रीतभन्दा फरक दाजुभाइले खाने रीत । |
| वलेमा वबुमा | मधेशदेखि हिमालसम्म । |
| वाखिलवाँःतो | सातौं पुस्ताका दाजुभाइतर्फको सन्तान । |
| वाँःतो | एउटै पुस्ताभित्रका दाजुभाइहरु । |
| शल्ली | पर्खाल वा गाह्रो लगाउँदाको तह । |
| सखेवा | पानीको मूलस्रोत भएको स्थान जहाँ उधौली र उभौली चाडको समयमा पूजा गरिन्छ । |
| सखेवा लुङ | उधौली-उभौली पूजा गर्दा पूजाथानमा गाडेर राखिएको शुभसंकेत जनाउने विशेष प्रकारको ढुङ्गा । |
| साकेला | साम्पाङ राई समाजमा मनाइने उधौली र उभौलीका प्रमुख चाड । |
| सामे | जातिगत पहिचानका पुरुष र स्त्रीलाई सम्बोधन गरिने शाब्दिक संकेत । |

| | |
|---|---|
| साम्सीलिबुँःङ | एक प्रकारको फूल, जो परम्परागत रुपमा चेलीहरुलाई फूलको रुपमा मानिने उपनाम । |
| सारते/लम्लँमी | वैवाहिक कार्यका निम्ति सर्वप्रथम केटी पक्षसँग सम्पर्क गरी केटासँग कुरा मिलाइदिने व्यक्ति । |
| सिकम् | कुवीलाई विवाहको समयमा दिइने एक कठुवा रक्सीको रीत । |
| सिबीवाँतो | चेप्जु अर्थात् छैटौं पुस्ताका दाजुभाइतर्फको सन्तान । |
| सिली | नाच (कुनै मानवीय क्रियाकलाप वा जनावरको नक्कल गरी गरिने नाच) । |
| सुँःसा | पानी नचल्ने जाति । |
| सुङ्रिमी | सिकारी देवता जुन पितृपूजाको समयमा कतिपयले पूजा गर्दछन् । |
| सुतुलुङ | साम्पाङ राईहरुको घरभित्र हुने अगेनाको तीन चुल्हो जसलाई आफ्ना मृत पुर्खाहरु तथा प्रमुख धर्मको प्रतीकको रुपमा पूजा गर्ने गर्दछन् । |
| सुबिवा | सामान्य रुपमा पानी खाने धारा वा कुवा । |
| सुम्नीमा | किरात साम्पाङ राईहरुको विश्वासअनुसार आफ्ना उत्पत्ति माता अर्थात् पारुहाङकी धर्मपत्नी । |
| सुलामखिम् | चिहान । |
| सुवाँः | कूलपितृ । |
| सुवाँःझमा | पितृपूजा । |
| हँःछा | मनुष्य/मानिस । |
| हँलुङ्मा | साम्पाङ राईको प्रथम पितृपूजा गरी नयाँ अन्न चढाएको स्थान मानी विश्वास गरिएको ठाउँ । |

| | |
|---|---|
| हाँःकुरीया | किरात साम्पाङ राईहरुका आफ्नो स्वतन्त्र शासनकालमा राजा चतुरघना रहने गरेको भनिएको स्थान (यो हालको बासपानी र खारताम्छा गाविसको बीच डाँडामा पर्दछ) । |
| हाँःग | राजा । |
| हाँःगमा | रानी । |
| हारती | सुँगुरको ढाडको दायाँ-बायाँ दुवैतर्फ करङको भाग पर्ने गरी काटिएको सेला मासु । |
| हिल्लासी | अकालमा मृत्यु भएको पुरुष मृतात्मा । |